कार्यपालिकाको बैठक संख्या: ४३ मिति: २०८२/०२/०६

आज मिति २०८२ साल जेष्ठ महिनाको ०६ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय : बिहान १०:०० बजे** **बैठक नं – ४३**

**उपस्थिति**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म बहादुर वटला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप बोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | सदस्य | |
| १४. | श्री वन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६. | श्री करन नेपाली | सदस्य | |
| १७. | श्री जगत बहादुर दर्जी | सदस्य | |
| १८. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

**आमन्त्रित**

| | | | |
|---|---|---|---|
| १. | शान्ति ब. कार्की | वरिष्ठ लेखा अधिकृत | |
| २. | रमेश [illegible] | लेखापाल | |
| **कार्यालय सहयोगी** | | | |
| १. | श्री गंगा ब० बुढा | कार्यालय सहयोगी | |

कार्यपालिकाको बैठक संख्या: ४३ मिति: २०८२/०२/०६

**प्रस्तावहरु**

१. भेरिएसन आदेश गर्ने सम्बन्धमा।
२. म्याद थप गर्ने तथा रकम भुक्तानी गर्ने सम्बन्धमा।
३. विविध सम्बन्धमा।

**निर्णय नं १**

प्रस्ताव नं १ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका वडा नं ६ र ८ मा निर्माणाधिन श्री शान्ति मा. वि. रातिमाटा विद्यालयको भवन निर्माण योजना र श्री सरस्वति आधारभूत विद्यालय भवन निर्माण योजनामा ठेक्का गर्दाको वखत पूर्वानुमान गर्न नसकेको कारण तथा काम गर्दै गर्दा पहिरो आउने अवस्था सिर्जना भएको कारण ठेक्का नं NNRM/W/SMVRMBC/05/2081/082 ( नरहरिनाथ गाउँपालिका र उमेश निर्माण सेवा नरहरिनाथ ५ बीच सम्झौता) र ठेक्का नं NNRM/W/GCWRC/NCB/06/081/082 ( नरहरिनाथ गाउँपालिका र प्रिन्स निर्माण सेवा नरहरिनाथ ८ बीच सम्झौता)) मा प्राविधिक सिफारिसका आधारमा क्रमश १३.२९ प्रतिशत र १४ .९६ प्रतिशत भेरियसन आदेश गर्ने सर्वसम्मत निर्णय गरियो।।

**निर्णय नं २**

**निर्णय नं २ (क)**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका वडा नं. ३ मा आ. व. २०७९।०८० मा नरहरिनाथ गाउँपालिका र रेडक्रश उपशाखा नरहरिनाथ गाउँपालिकाको साझेदारीमा मिति २०८०।०१।२० गते सम्झौता भई निर्माण कार्य संचालन भएको रेडक्रम भवन निर्माण योजनाको मिति २०८०।१०।१० मा नापि भई मिति २०८०।११।३० मा सम्पन्न भएको योजनाको भवनको नाममा जग्गा प्राप्ति नएकाले जग्गा प्राप्त नहुँदा सम्म रकम भुक्तानि नभएको हुँदा मिति २०८१।१२।२० गते रेडक्रस उपशाखा नरहरिनाथ को नाममा जग्गा प्राप्त भएकोले सो योजनाको मिति २०८२।०३।२० सम्म म्याद थप गरि योजनाको सम्झौता नापि किताव, कार्यसम्पन्न प्रतिवेदन अनुसार बाँकि रकम भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय नं २ (ख)**

प्रस्ताव नं ४ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको सडक यातायता गुरुयोजना तर्जुमा गर्ने कार्यका लागि मिति २०८१।०६।१६ गते प्रस्ताव आह्वान गरेकोमा निर्धारित समयभित्र रीतपूर्वक प्रस्ताव पेश गर्ने परामर्शदातावाट मूल्याङ्कनमा छनोट भएको जियो स्पाटिएल ईन्जिनियरिङ्ग सोलुसन (Geo Spatial Engineering Solution Pvt. Ltd. Kathmandu) कोटेश्वर, काठमाण्डौ बीच मिति २०८१।०२।१३ गते सम्म कार्यसम्मपन्न गर्ने गरी सम्झौता तथा कायदिश (मिति २०८१।१०।२१

कार्यपालिकाको बैठक संख्या: ४३ मिति: २०८२/०२/०६

गते) भएकोमा निर्धारित समय भित्र प्रतिवेदन पेश गर्न नसकी म्याद थपका लागि निवेदन (मिति २०८१।०२।०२) निवेदन प्राप्त भएकोमा आज बसेको गाउँकार्यपालिकाको बैठकले मिति मिति २०८२।०३।२४ गतेसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं १ देखि २ सम्मका निर्णयहरु प्रमाणित गरिन्छ।